अगैया बाँके
५ न. प्रदेश नेप

ची.नं. १३८

नेपाल सरकार

# राप्तीसोनारी गाउँपालिकाको कार्यालय

## अगैया, बाँके

### औषधीआपूर्ति सम्बन्धि बोलपत्र आव्हानको सूचना

(प्रथम पटक प्रकाशित)

मिति : २०७५।०९।०३

यस कार्यालयको लागि आवश्यक औषधी सिलबन्दी बोलपत्र माध्यमबाट खरिद गर्नु पर्ने भएकोले सम्बन्धित इजाजत पत्र प्राप्त इच्छुक व्यक्ति, फर्म, तथा कम्पनी बाट निम्न शर्तहरुको अधिनमा रही रितपुर्वकको सिलबन्दी बोलपत्र आह्वान गरिएको छ ।

१. यो सुचना प्रकाशन भएको मितिले ३० दिन भित्र कम्पनी/फर्म चालु आ.व.२०७५।०७६ मा नवीकरण भएको ईजाजत प्रमाण पत्रको प्रमाणित प्रतिलिपी, आयकर दर्ताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपी, मुल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि र औषधी आपूर्ति गर्ने ईजाजत पत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न राखी रु. १०।- को टिकट निवेदनमा टाँस गरी कार्यालय समय भित्र छुट्टा छुटै निवेदनबाट रु. ३००० रकम तिरी बोलपत्र फारम दस्तुर (फिर्ता नहुने गरी) बुझाई यस कार्यालयबाट बोलपत्र फारम खरिद गर्न सकिने छ ।

२. बोलपत्रदाताले बोलपत्र खरिद गर्दा कार्यालय प्रमुखको दस्तखत र कार्यालयको छाप लागेको बोलपत्र खरिद गर्नु पर्ने छ । खरिद भएको बोलपत्र यो सुचना प्रकाशित भएको मितिले ३१ औं दिनमा दिनको १२ बजे भित्र बोलपत्र फाराममा सहीछाप गरि बोलपत्र दाताको नाम, ठेगाना, फोन तथा फ्याक्स नं. समेत खुलाई सिलबन्दी बोलपत्र यस कार्यालयमा दर्ता गराउन सकिने छ ।

३. दर्ता भएका बोलपत्रहरु सोही दिनको १ बजे बोलपत्रदाताका वा निजहरुका प्रतिनिधिहरु र कार्यालयका प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ । बोलपत्रदाता वा निजहरुका प्रतिनिधिहरु उपस्थित नभएमा पनि सिलबन्दी बोलपत्र खोल्न बाधा पर्ने छैन ।

४. बोलपत्र खरिदको अन्तीम दिन तथा दाखिला गर्ने वा खोल्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु त्यस पछिको लगत्तै कार्यालय खुलेको दिन सोही समयमा उक्त कार्यहरु हुनेछ ।

५. सिलबन्दी बोलपत्र साथ रु २८११११५७/- ( अट्ठाईस लाख एघार हजार एक सय सन्ताउन्न ) रकम बराबरको बोलपत्र जमानत गाउँ कार्यपालिका बाँकेको हिमालयन बैंक लि. राप्तीसोनारी शाखाको खाता नं ०५२०७५४०५१००१४ धरौटी खातामा जम्मा गरेको सक्कलै बैंक भौचर वा मान्यता प्राप्त बाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको,प्रचलित कानुनले तोकेको अवधि भएको बोलपत्र जमानी पत्र (विडवन्ड) पेश गर्नु पर्ने छ ।

६. बोलपत्र स्वीकृत भएपछि सूचनाअनुसारको अंकको५% ले हुने रकम बरावरको धरौटी खातामा जम्मा गरेको बैंक भौचर वा कार्यालयले तोकेको अवधि सम्मको बैंक कार्यसम्पादन जमानत पत्र पेश गर्नु पर्ने छ ।

७. खरिद हुने सामानहरुको म्याद कम्तिमा १८ महिना वा बनेको मिति बाट गुज्रिने समय कम्तीमा ८०% बाँकी हुँदा स्टोरमा दाखिला हुनु पर्ने छ । सोभन्दा घटिम्याद भएका सामानहरु सडेगलेका , टुटफुट भएका, म्याद नाघेका, कमसल आदि सामानहरु कुनै हालमा पनि बुझिलिने छैन ।

८. आपुर्ति भएका औषधिहरु “निशुल्क वितरणको लागि” भन्ने छाप अनिवार्य लगेको हुनुपर्ने छ । साथै औषधिहरु सम्झौता भएको मितिले ३० दिन भित्र एक मुष्ठ वा कार्यालयको माग अनुसार आ.ब. २०७५/०७६ भित्र सपलाई गरी सक्नु पर्ने छ ।

९. औषधी खरिद गर्दा **WHO GMP Certified Company**बाट उत्पादित औषधीहरु मात्र खरिद गरिने छ । बोतलमा सप्लाई हुने औषधीहरु प्लाटीक बोतलमा भएको हुनु पर्ने छ र बांकी औषधीहरु स्ट्रीपमा हुनुपर्नेछ ।

१०. सिलबन्दी बोलपत्र दर्ता गर्दा औषधिको सिलबन्दी नमूना अनिवार्य रुपमा पेश गर्नु पर्ने छ ।

११. प्रत्येक औषधीहरुको औषधी निर्यातकर्ताले औषधी व्यवस्था विभागबाट म्याद भएको छुट्टाछुट्टै Authorization प्रमाणपत्रको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्नेछ ।

१२. सारभूत रुपमा प्रभावग्राही बोलपत्रहरु मध्ये सवै भन्दा घटी दर कबोल गर्ने फर्मको बोलपत्र स्वीकृत गरिनेछ ।

१३. कार्यालयको आवश्यकता अनुसार बोलपत्रमा उल्लेखित औषधीको परिमाणमा थपघट गर्न सकिने छ ।

१४. अन्य कुराहरुको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

१५. अन्य कुराहरु बुझन परे कार्यालय फोन नं.९८६८७२२३५१ मा कार्यालय समयभित्र सम्पर्क राख्न सकिने छ ।

१६. यस सुचनामा नपरेका कुराहरु बेल पत्र फारम तथा सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ र अन्य प्रचलित कानून बमोजिम हुने छ ।

तपसिल

| सि.नं. | ठेक्का नं. | विवरण | बोलपत्र दस्तुर | बोलपत्र जमानत रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | ४ २०७५/०७६ | औषधि खरिद | ३,०००।०० | १४०५५७८५ | |

२०७५।०९।०१

नि.प्रमुख प्रशासकीय अधिकृत